नेपाल सरकार
भौतिक पुर्वाधार तथा यातायता मन्त्रालय

# सडक विभाग

## जिन्सी मालसामान लिलाम विक्रि सम्बन्धी शिलबन्दी दरभाउ पत्र आव्हानको सूचना

सूचना प्रकाशन मितिः- २०८०।०२।१८

यस विभागका पुराना तपशिल बमोजिमका सामानहरु जे जस्तो अवस्थामा छन सोहि अवस्थामा सिलवन्दी दरभाउ पत्रको माध्यमबाट लिलाम विक्रि गर्नुपर्ने भएकोले लिन चाहने ईच्छुक मु. अ. कर वा पानामा दर्ताभएका व्यक्ति/फर्म/कम्पनी/संघ संस्थाले सिलवन्दी दरभाउ पत्र पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

तपशिलः-

| लिलाम हुने सामानहरु | न्युनतम मुल्य मु अ कर बाहेक | शिलबन्दी दरभाउ पत्र फाराम दस्तुर र पाइने स्थान | धरौटी वा बैक जमानत रकम | शिलबन्दी दरभाउ पत्र पेश गर्ने र खोल्ने स्थान मिति र समय | कैफियत |
|---|---|---|---|---|---|
| पुराना फर्निचर, कम्प्युटर/प्रिन्टर लगायतका मेसिनरी सामान र साईकल तथा अन्य कार्यालय सामान | ८६९४८४। | रु १०००/- भुक्तानी गरी विभागको आन्तरिक प्रशासन शाखाबाट प्राप्त गर्न सकिने । | बोल कबोल गरेको रकमको १०% ले हुने रकम | यो सूचना प्रकाशित मितिले 15 दिन भित्र खरिद गरि 16औ दिन (मिति २०८१।०३।०२ को १२:०० बजे सम्म पेश गर्ने र सोहि दिनको २:०० बजे विभागको जिन्सी शाखामा खोलिने छ । | |

शर्तहरुः

१. नेपाल राष्टिय वाणिज्य बैक लि मा रहेको राजस्व खाता नम्बर १००० १००२०००१०००० मा राजस्व शिर्षक १४२२९ अन्य प्रशासनिक सेवा शुल्कमा यस विभगको कार्यालय कोड ३३७०१३५२० उल्लेख गरी रु १०००/- (अक्षेरुपी एक हजार मात्र फिर्ता नहुने गरि) जम्मा गरेको सक्कलै बैक भौचर पेश गरी यस विभागको आन्तरिक प्रशासन शाखाबाट दरभाउपत्र फाराम खरिद गर्न सकिने छ ।

२. ईच्छुक ईजाजत प्राप्त फर्मको हकमा फर्म दर्ताको प्रमाणित प्रतिलिपी आ. ब. २०७९/८० को कर चुक्ता प्रमाण पत्र र व्यक्तिको हकमा प्यान न. र नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी शिलबन्दी दरभाउ पत्र साथ संलग्न गर्नुपर्ने छ ।

३. बोल कबोल गरेको रकमको १०% ले हुने रकम नेपाल बैक लि. मा को. ले. नि. का. बबरमहल नाममा रहेको धरौटी खाता न १२०१२००००१००२५२४ मा यस विभागको कार्यालय कोड ३३७०१३५२० मा जम्मा गरेको भौचर वा बाणिज्य बैकबाट जारी बैक जमानत पेश गर्नुपर्ने छ ।

४. शिलबन्दी दरभाउ पत्र दाखिला गर्दा खाममा लिलाम बढाबढके शिलबन्दी दरभाउ पत्रदाताको नाम ठेगाना सम्पर्क नम्बर समेत खुलाइ लाहाछाप लगाइ सिलबन्दी गरि पेश गर्नुपर्ने छ ।

५. कबोल गरेको रकम अंक र अक्षरमा स्पष्टरुपमा उल्लेख गर्नुपर्ने छ । अंक र अक्षरमा फरक परेमा अक्षरमा उल्लेख भएको रकमलाई मान्यता दिइने छ ।साथै केरमेट गरेको स्थानमा सहि गरी छाप लगाएको हुनु पर्ने छ अन्यथा मान्यता दिइने छैन ।

६. लिलाम सम्बन्धी शिलबन्दी दरभाउ पत्र स्वीकृत भएपछी १५ दिन भित्र कबोल रकम दाखिला गरी सामान उठाइ लैजानु पर्ने छ ।अन्यथा शिलबन्दी दरभाउ पत्र रद्द गरी जमानत/धरौटी रकम जफत गरिने छ ।

७. लिलाम गर्ने मालसामान हेर्न चाहनेले कार्यालय समयमा सम्पर्क गरी हेर्न सकिने छ ।

८. लिलाम गर्ने मालसामा जे जस्तो अवस्थामा छन सोहि अवस्थामा सकार गर्नु पर्ने छ ।

९. शिलबन्दी दरभाउ पत्र स्वीकृत गर्ने वा नगर्ने सम्पुर्ण अधिकार विभागमा रहने छ ।

१०.अन्य कुनै बिषय बुझ्नुपर्ने भएमा यस विभागको फोन नं ०१–५९७१२५३सम्पर्क गर्न सकिने छ ।

११.यसमा नपरेका शर्तहरु प्रचलित कानून बमोजिम हुने छ ।